व्यास नगरकार्यपालिकाको १८९ औं बैठक आज मिति २०८१/२/३१ गते नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बसी तपसिलको उपस्थितिमा निम्नानुसारको निर्णयहरु गरियो ।

उपस्थिति

| | | |
|---|---|---|
| नगर प्रमुख | - श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | - श्री इन्दिरा दरै | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १ | - श्री रमेशचन्द्र हड्खले | उपस्थित |
| वडा अध्यक्ष वडा नं. २ | - श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ३ | - श्री अनुप राना | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ४ | - श्री मन बहादुर गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ५ | - श्री विष्णु कुमार श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ६ | - श्री जीवन गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ७ | - श्री कृष्ण प्रसाद न्यौपाने | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ८ | - श्री युवराज गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ९ | - श्री सुरेश थापा | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १० | - श्री खेमराज पोखेल | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ११ | - श्री दल बहादुर दुरा | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १२ | - श्री बमबहादुर आले | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १३ | - श्री बसन्त आले | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १४ | - श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री चन्द्रमाया परियार | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री नरीमाया राना | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री ज्ञानुमाया सुनार | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री कमला घर्ती | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री किस्ना दुरा गुरुङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री चेत बहादुर दरै | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री निला घिमिरे | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री रनसिं नेपाली | उपस्थित |
| सदस्य-सचिव | - श्री काशीराम गैरे | उपस्थित |
| प्रशासकीय अधिकृत | - श्री रामचन्द्र हड्खले | उपस्थित |

**प्रस्तावहरु**

प्रस्ताव नं.१: मिति २०८१/२/७ को कार्यपालिका बैठकका निर्णयहरुको समिक्षा सम्बन्धमा ।
प्रस्ताव नं.२: आ.व. २०८१/०८२ को नीति कार्यक्रम, बजेट कार्यक्रम तयारी सम्बन्धमा ।
प्रस्ताव नं.३: राष्ट्रिय मान्यता प्राप्त राजनैतिक दल समेत सँगको परामर्श बैठक सम्बन्धमा ।
प्रस्ताव नं.४: कार्यपालिकाका शाखा/उपशाखासँग परामर्श बैठक सम्बन्धमा ।
प्रस्ताव नं.५: हालसालै आएको हुरी बतासको क्षति सम्बन्धमा ।
प्रस्ताव नं.६: प्लाष्टिक झोला मुक्त अभियानको समिक्षा सम्बन्धमा ।
प्रस्ताव नं.७: नगरपालिकाको उत्तर-पूर्व तर्फको रिक्त सटरहरु भाडामा लगाउने सम्बन्धमा ।
प्रस्ताव नं.८: स्व.ई. प्रविण कैनीलाई नगरपालिकाको तर्फबाट राहत दिने सम्बन्धमा ।
प्रस्ताव नं.९: विभिन्न योजना परिवर्तन सम्बन्धमा ।
प्रस्ताव नं.१०: हालसम्मको आय-व्यय सम्बन्धमा ।
प्रस्ताव नं.११: विद्यालय व्यवस्थापन समिति गठन सम्बन्धमा ।
प्रस्ताव नं.१२: बजार क्षेत्रबाट ग्याँस डिपो हटाउने सम्बन्धमा ।
प्रस्ताव नं.१३: रकम माग गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१४: कृषिउपज तरकारी संकलन केन्द्र निर्माणको भुक्तानी सम्बन्धमा ।
प्रस्ताव नं.१५: ह्युम पाइप वितरण अनुमोदन सम्बन्धमा ।
प्रस्ताव नं.१६: विपदजन्य एवं अत्यावश्यक कार्यमा रकम विनियोजन गर्ने सम्बन्धमा ।

**निर्णयहरु:**

**निर्णय नं.१:** प्रस्ताव नं. १ का सम्बन्धमा छलफल हुँदा व्यास नगर कार्यपालिकाबाट मिति २०८१/२/७ गते भएका निर्णयहरुको बुँदागत समिक्षा गरियो ।

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा आर्थिक बर्ष २०८१/०८२ को नीति कार्यक्रमको मस्यौदा तयार गरी पेश गर्न प्रमुख प्रशासकीय अधिकृतलाई बजेट कार्यक्रमको मस्यौदा तयार गर्न राजश्वका दरहरुको हेरफेर गरी पेश गर्न बजेट तर्जुमा समिति र राजश्व परामर्श समितिलाई जिम्मा दिने निर्णय गरियो ।

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा आजै राष्ट्रिय मान्यता प्राप्त राजनैतिक दलका जिल्ला तथा नगरस्तरीय प्रतिनिधि, उद्योग वाणिज्य संघ जिल्ला शाखाका प्रतिनिधि, उद्योग वाणिज्य संघ दमौली बजार इकाई समितिका प्रतिनिधि, नेपाल पत्रकार महासंघ, जिल्ला तनहुँका प्रतिनिधिहरुसँग आ.व. २०८१/०८२ का नीति कार्यक्रम तथा बजेट तर्जुमा सम्बन्धमा भएको परामर्श बैठकमा प्राप्त सुझावहरुलाई आगामी बर्षको नीति कार्यक्रम एवं बजेट कार्यक्रममा सम्भव भएसम्म समेट्ने निर्णय गरियो ।

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा आ.व. २०८०/०८१ को शाखा/उपशाखागत कार्यहरुको समिक्षा एवं आ.व. २०८१/०८२ का नीति तथा बजेट कार्यक्रम सम्बन्धमा यस पालिकाका सबै शाखा उपशाखासँग परामर्श गरी प्राप्त सुझावलाई समेट्ने र सेवा प्रवाहलाई अझ बढी नागरिकमुखी बनाउन सबै पक्ष प्रतिवद्ध रहने निर्णय गरियो ।

**निर्णय नं.५:** प्रस्ताव नं. ५ का सम्बन्धमा छलफल हुँदा हालसालै हुरी बतासबाट व्यास नगरपालिकाका विभिन्न वडाहरुका घरहरुलाई क्षति पुऱ्याएको हुँदा तत्काल क्षतिको निर्धारण गरी राहत उपलव्ध गराउन निम्नानुसार समिति गठन गर्ने र सो समितिको निर्णयानुसार विपद कोषबाट राहत उपलव्ध गराउने निर्णय गरियो ।

(१) संयोजक – उपप्रमुख
(२) सदस्य – प्रमुख प्रशासकीय अधिकृत

(३) सदस्य — सम्बन्धित वडा अध्यक्ष
(४) सदस्य — सम्बन्धित वडा प्राविधिक
(५) सदस्य-सचिव — घरनक्सा तथा विपद शाखा प्रमुख

**निर्णय नं.६:** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाभित्र प्लाष्टिक झोलामुक्त अभियानमा भएको प्रगती र समस्याहरुका सम्बन्धमा सरसफाई तथा वन, वातावरण समितिका संयोजक श्री रनसिं नेपालीबाट प्रस्तुत विषयहरुउपर समिक्षा गरियो । यस अभियानमा सहयोग पुऱ्याउनु हुने नगरवासीहरुलाई धन्यवाद ज्ञापन गर्दै देखिएका समस्याहरु र चुनौतीहरु समाधान गर्न कार्यविधिलाई कडाईका साथ लागू गर्ने निर्णय गरियो ।

**निर्णय नं.७:** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको पूर्व-उत्तर तर्फ रहेका व्यवसायीक सटरहरुमा बस्ने व्यवसायीहरुको सम्झौता अवधि २०८० असारमसान्तमा समाप्त भएको त्यसपछि उक्त भवन समेतमा बहुउद्देश्यीय भवन निर्माण गर्न प्रस्ताव भएकोमा व्यवसायीक सटरहरु खाली गर्न पटक-पटक सूचना दिंदा समेत निम्नानुसार व्यवसायीहरुले सटर खाली नगरिदिएकाले उक्त सटर भवनको मर्मत संहार गरी बढीमा २०८३ असार मसान्तसम्म २ बर्षका लागि साविक भाडामा १०% बृद्धि गरी प्रतिस्पर्धाबाट भाडामा लगाउन १५ दिने सूचना प्रकाशन गर्ने र निम्न व्यवसायीहरुको २०८० मंसिर मसान्तसम्म बुझाउन बाँकी रहेको भाडा रकम दाखिला गराई सामाग्री लैजान दिने साथै रकम दाखिला नगरेमा सरकारी बाँकी सरह असुलउपरका लागि कानूनी प्रकृया अघि बढाउने निर्णय गरियो ।

| क.स | नाम , थर | कोठा नं. | भाडा तिर्न बाकी महिना | जम्मा खुद बाकी रकम रु. |
|---|---|---|---|---|
| १ | सबिता पन्थ | डि २ | मिति २०७९ असार देखि २०८० मंसिरसम्म | २,१८,०१६।०० |
| २ | जुन नारायण श्रेष्ठ | ई ९ | मिति २०७९ भाद्र देखि २०८० मंसिरसम्म | ४,५५,८७२।०० |
| ३ | पबित्रा मिया | ई १२ | मिति २०७८ फागुन देखि २०८० भाद्र ६ गतेसम्म | १,६०,७९५।२० |
| ४ | कमल श्रेष्ठ | डि १ | मिति २०८० श्रावण देखि २०८० मंसिरसम्म | २,१८,९००।०० |
| ५ | ईश्वर बहादुर बिष्ट | ई १० | मिति २०८० बैशाख देखि २०८० मंसिरसम्म | २,२७,९३६।०० |
| ६ | माधव अधिकारी | डि ३ | मिति २०८० श्रावण देखि २०८० मंसिरसम्म | ६६,०२०।०० |
| ७ | रामकृष्ण पौडेल | ई ६ | मिति २०८० श्रावण देखि २०८० मंसिरसम्म | १,४७,९२०।०० |
| ८ | श्याम मल्ल | ई ५ | मिति २०८० श्रावण देखि २०८० मंसिरसम्म | १,४२,४६०।०० |
| ९ | नारायण घिमिरे | ई १ | मिति २०८० श्रावण देखि २०८० मंसिरसम्म | १,४२,४६०।०० |
| १० | मिरा श्रेष्ठ | ई ३ | मिति २०८० श्रावण देखि २०८० मंसिरसम्म | १,४२,४६०।०० |
| **जम्मा रकम** | | | | **१९,२२,८३९।२०** |

**निर्णय नं.८:** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाका घर नक्सा शाखामा कार्यरत करार ईन्जिनियर श्री प्रविण कैनीको मिति २०८१/२/२१ गते अन्दाजी २ बजे व्यास नगरपालिका वडा नं. १ अम्रेनीस्थित पृथ्वीराजमार्गमा भएको दुर्घटनामा परी दुखःद निधन भएकोमा यो बैठक दुःख व्यक्ति गर्दै दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवार प्रति हार्दिक समवेदना व्यक्त गर्दछु । साथै स्व. प्रविण कैनीको परिवारलाई व्यास नगरपालिका राहत कोषबाट रू.३,००,०००/- (तिन लाख), सम्पूर्ण नगरपालिका कार्यपालिकाका पदाधिकारी सदस्यहरुबाट २ दिन बरावरको सुविधा, नगरसभा सदस्यहरुबाट १ दिन बरावरको सुविधा, सरसफाई कर्मचारी तथा कार्यालय सहयोगीहरुबाट १ दिन बरावर र अन्य सबै कर्मचारीहरुबाट २ दिन बरावरको तलवबाट कट्टा हुने गरी आर्थिक प्रशासन शाखाबाट स्व. प्रविण कैनीको एकाघरका सगोल बावुलाई राहत उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.९:** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा आ.व. २०८०/०८१ का लागि नगरस्तरीय विभिन्न वडाहरुबाट योजनामा विनियोजित रकमलाई सम्बन्धित वडाको सिफारिस समेतका आधारमा निम्नानुसार योजना परिवर्तन गरी नगरसभाबाट अनुमोदन गर्ने निर्णय गरियो ।

**(क) वडा नं. १ :**

- बजेट शिर्षक नं. १५१ (१३७) को वृक्षारोपण कार्यक्रमका लागि विनियोजित रू.१,००,०००/- (एक लाख) उक्त कार्य हाल हुन सक्ने हुँदा व्यास नगरपालिका वडा नं. १ निर्मल नगर २० फुट मध्य मार्गमा खर्च गर्ने गरी सम्बन्धित वडाको सिफारिस अनुसार योजना परिवर्तन गर्ने ।

**(ख) वडा नं. ३ :**

- बजेट शिर्षक नं. ४६५ (४२१) महर्षि पराशरको अर्धकदको मूर्ति निर्माणमा विनियोजित रकम रू.३,००,०००/- (तिन लाख) उक्त योजना हाल गर्न नसकिने हुँदा सम्बन्धित वडाको सिफारिस अनुसार उक्त रकम व्यास नगरपालिका वडा नं. ३ मा रहेको जि.स.स.को अतिथी गृहदेखि रेडक्रस भवनसम्मको बाटोमा ब्लक बिच्छ्याउने कार्यमा खर्च गर्ने गरी योजना परिवर्तन गर्ने ।

**(ग) वडा नं. १३ :**

- बजेट शिर्षक नं. ७८५ (७४१) मा विनियोजित डाँडाबारी देखि लक्ष्मी चोकसम्म अधुरो बाटो स्तरोन्नतीमा विनियोजित रकम रू.१,५०,०००/- (एक लाख पचास हजार) जग्गा विवादले उक्त योजना कार्यान्वयन हुन नसक्ने हुँदा उक्त योजना परिवर्तन गरी विनियोजित रकम निम्नानुसार खर्च गर्ने गरी वडाको सिफारिस अनुसार योजना परिवर्तन गर्ने ।

(१) पोखरीभञ्ज्याङ्गदेखि देवलीधारासम्म कृषि मोटर मार्ग निर्माण रू.४०,०००/- (चालिस हजार)
(२) जनजागृती मा.वि. फलफुल बगैंचा निर्माण रू.७०,०००/- (सत्तरी हजार)
(३) शिवकालिका मन्दिर परिशरमा प्रतिक्षालय निर्माण रू.४०,०००/- (चालिस हजार)

**(घ) नगरस्तरीय बजेट :**

(१) बजेट शिर्षक नं. ८६० (८०४) मा मादीनदी बुल्दीघाट निर्माणमा विनियोजित रकम रू.१०,००,०००/- (दश लाख) हाल काम गर्न नसकिने अवस्था देखिंदा उक्त योजना परिवर्तन गरी वडा नं. ३ वि.पि. वनवाटिका खेलमैदानमा निर्माणाधिन अधुरो कभर्डहलको पूर्णताका लागि सार्वजनिक स्थान हुँदा १०% लागत सहभागीता रहने गरी उपभोक्ता समिति मार्फत खर्च गर्ने ।

(२) बजेट शिर्षक नं. ८२६ (७८१.२) मा विनियोजित ३ नं. वडा कार्यालय भवन निर्माणमा विनियोजित रकम तत्काल काम हुन सक्ने अवस्था नहुँदा उक्त शिर्षकमा विनियोजित रू.३५,००,०००/- (पैंतिस लाख) मध्ये यस अघि रू.१५,००,०००/- (पन्ध्र लाख) अन्य योजनामा खर्च हुने गरी निर्णय भईसकेकाले बाँकी रकम मध्येबाट निम्नानुसार योजनामा खर्च गर्ने र वडा कार्यालय भवन निर्माणका लागि आगामी बर्षको बजेटमा व्यवस्थापन गर्ने निर्णय गरियो ।

(क) भतेरी झर्ने बाटोमा नाला रिटेनिङ्ग वाल निर्माण लागत सहभागीता समेत –.७,८९,०००/-
(ख) दुर्गामन्दिर एवं सामुदायिक भवन निर्माण – ६,१०,०००/-
(ग) खानेपानी शिर्षक ८३१ मा थप – ३,००,०००/-
(घ) व्यायामशाला निर्माण – ३,००,०००/-

**निर्णय नं.१०:** प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको आ.व. २०८०/०८१ को मिति २०८०/२/३० सम्मको आय-व्यय निम्नानुसार रहेको बैठकमा जानकारी प्राप्त भएकाले राजश्व असुली र सम्पन्न कामको भुक्तानीलाई जोड दिने निर्णय गरियो ।

**आय**

| क.सं. | शिर्षक | अपेक्षित | यथार्थ | प्रतिशत |
|---|---|---|---|---|
| १. | संघीय सरकार | ९३१४५००००।०० | ७६५३६४११२।१३ | ८२% |
| २. | प्रदेश सरकार | ३८०६८०००।०० | २६६५४०००।०० | ७०% |

| | | | | |
|---|---|---|---|---|
| ३. | राजश्व बाँडफाँड | ३२२७१५०००।०० | १८६४४१००६।७५ | ५८% |
| ४. | आन्तरिक श्रोत | ३३२८४४०००।०० | १६६७७८२६१।१५ | ५०% |
| ५. | जनसहभागीता | ५००००००।०० | ४४२५०१३।०५ | ८९% |

**व्यय**

| | | | | |
|---|---|---|---|---|
| १. | चालु तर्फ | ९४४७३८०००।०० | ६८४६६३६७५।६९ | ७२% |
| २. | पूँजिगत | ६८५३३९०००।०० | २४२३६३४२५।७७ | ३५% |

**निर्णय नं.११ :** प्रस्ताव नं. ११ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाभित्रका सबै सामुदायिक विद्यालयहरुमा विद्यालय व्यवस्थापन समिति गठन प्रकृया २०८१ जेष्ठ मसान्तभित्र सम्पन्न गर्न निर्देशन दिईएकोमा अधिकांश विद्यालयहरुमा सर्वसम्मत समिति गठन भएको, केही विद्यालयमा सहमति हुन नसकी नगरपालिकामा मनोनयनका लागि अनुरोध भई आएको, प्रकृया सुरु नभएका केही विद्यालयहरु समेत रहेको जानकारी प्राप्त हुन आएकाले प्रकृया सुरु नभएका विद्यालयहरुको व्यवस्थापन समिति विघटन गरी सम्बन्धित वडा अध्यक्षलाई समिति नबन्दासम्म अध्यक्षता गर्न र सर्वसम्मत हुन नसकी यस नगरपालिकामा सिफारिस भई आएका विद्यालयहरुमा सम्बन्धित सरोकारवालाहरुसँग परामर्श गरी (सम्बन्धित विद्यालय समिति, सम्बन्धित वडा जनप्रतिनिधि, सम्बन्धित विद्यालयका प्र.अ., शिक्षकहरु) राय पेश गर्न नगर शिक्षा शाखालाई जिम्मेवारी तोक्ने निर्णय गरियो ।

**निर्णय नं. १२ :** प्रस्ताव नं. १२ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं. २ दमौली बजारक्षेत्रमा रहेका ग्याँस डिपोहरु सुरक्षाको दृष्टिकोणले अन्यत्र स्थानान्तरण गर्नुपर्ने देखिंदा हटाई पाउँ भनि वडा नं. २ बाट सिफारिस भई आएकाले उक्त ग्याँस डिपोहरु १५ (पन्ध्र) दिनभित्र अन्यत्र सुरक्षित स्थानमा अनिवार्य स्थानान्तरण गर्न सम्बन्धित व्यवसायीहरुलाई सूचित गर्ने निर्णय गरियो ।

**निर्णय नं.१३ :** प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान, पोखरा र यस नगरपालिका बीच नगरपालिकाको क्षमता विकास योजना (CD Plane) निर्माण गर्न भएको दुई पक्ष बीचको सम्झौता अनुसार परामर्शदाताबाट सम्पूर्ण प्रक्रिया पुरा गरी अन्तिम प्रतिवेदन पेश भएकोले उक्त प्रतिवेदन स्वीकृत गरी प्रतिष्ठानमा पेश गरी सम्झौता बमोजिमको रकम माग गर्ने निर्णय गरियो ।

**निर्णय नं.१४ :** प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं. १ को स्थित कृषिउपज तरकारी संकलन केन्द्रको थप कार्य गर्नका लागि कार्य अघि बढी यस अघि रू.१,६०,०००/- (एक लाख साठी हजार) विनियोजित भएकोमा उक्त कृषिउपज संकलन केन्द्रमा जम्मा रू.३,०३,०००/- (तिन लाख तिन हजार) खर्च भएको प्राविधिक मुल्याङ्कन देखिंदा २०% लागत सहभागीता रहने गरी नगरपालिकाको दायित्व ८०% मा रहेको रू.२,४२,०००/- (दुई लाख बयालिस हजार) बजेट शिर्षक नं. ८७७ बाट उपभोक्ता समितिलाई भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं.१५ :** प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाका विभिन्न वडाहरुमा बर्षादको समयमा बाटोहरुमा क्षति भई सवारी आवागमनलाई सुचारु गर्न विपद व्यवस्थापन सामाग्री वितरण समितिद्वारा मिति २०८१/२/१ गतेको बैठकबाट वितरण गरिएको ह्यूम पाइप लगत अनुसार अनुमोदन गर्ने निर्णय गरियो ।

**नर्णय नं.१६ :** प्रस्ताव नं.१६ का सम्बन्धमा छलफल हुँदातत्काल सम्बोधन गर्नुपर्ने विपदजन्य एवं अत्यावश्यक सेवासँग जोडिएका निम्न कार्यहरुमा सम्बन्धित शिर्षकमा रहेका बाँकी श्रोतबाट निम्नानुसार बजेट विनियोजन गर्ने निर्णय गरियो ।

| सि.नं. | योजना/विपद | वडा नं. | विनियोजित रकम | खर्च शीर्षक |
|---|---|---|---|---|
| १. | खरिश्वाँरा कुवा संरक्षण समेत | १ | ८,०००।- | ८३१ |
| २. | सिर्जना मिजार समाज भवन संरक्षण | ४ | २,००,०००।- | विपद |
| ३. | बेतेनी खानेपानी पाइप खरिद | ५ | ६०,०००।- | ८३१ |

| | | | | |
|---|---|---|---|---|
| ४. | मानुङ सौराह टोल पाइप खरिद | ५ | ३६,०००।- | ८३१ |
| ५. | राजकुमार गुरुङ्ग, खानेपानी पाइप समेत | ७ | ३०,०००।- | ८३१ |
| ६. | कसम गुरुङ्ग, उपचार सहयोग | ७ | २५,०००।- | ६३ |
| ७. | ठाँटीखोला खानेपानी पाइप खरिद | ८ | १२,०००।- | ८३१ |
| ८. | छाङ्गाबाराही खानेपानी मोटर खरिद | १० | २७,०००।- | ८३१ |
| ९. | व्यास नगर साना उद्यमी प्रवर्द्धन समूह तालिम | ११ | ४०,०००।- | १२८ |
| १०. | चिरन्जीवी पन्थ, गोरु मरी विपद | १२ | २०,०००।- | विपद |
| ११. | (रिता) भुमिहिन किसान दलित अव्यवस्थित खाना खर्च | १२ | ६३,४५०।- | १२६ |
| १२. | (दिपेन्द्र) भुमिहिन किसान दलित अव्यवस्थित खाना खर्च | १२ | ४२,७७५।- | १२६ |
| १३. | राम बहादुर गैह्रे, घर आगलागी | १२ | २०,०००।- | विपद |
| १४. | डाँडाबारी खानेपानी पम्प खरिद | १३ | ४०,०००।- | ८३१ |
| १५. | अन्जन परियार, अध्ययन सहयोग | १३ | २५,०००।- | ८३ |
| १६. | क्रिकेट संघ, तनहुँ प्रतियोगिता सहयोग | | ५०,०००।- | १३१ |
| १७. | फुटवल संघ तनहुँ प्रतियोगिता सहयोग | | १,००,०००।- | १३१ |
| १८. | प्रदिप पन्थ, क्यान्सर उपचार सहयोग | | ३०,०००।- | ६३ |
| १९. | चैतन्यराज नहर्की, अनुसन्धान कार्य | | ३०,०००।- | ८३ |
| २०. | काशिनाथ द्वारा लिखित अशुन्यम पुस्तकको बिल भुक्तानी | | ९,०००।- | १३० |
| २१. | सुनिल गुरुङ्ग, उपचार खर्च | | २५,०००।- | ६३ |
| २२. | अन्तरपालिका भलिवल प्रतियोगिता सहभागी हुँदाको खर्च | | ५३,२८५।- | १३१ |
| २३. | ट्राफिक सप्ताह नपुग रकम | | ११,५००।- | चालु विविध |
| २४. | गणतन्त्र दिवसमा मैत्रीपूर्ण महिला फुटवल प्रतियोगिता २०८१ सञ्चालन तथा व्यवस्थापन खर्च | | ५०,४२१।- | १३१ |
| २५. | जुडिखेत शाखा कुलो मर्मत/निर्माण | ६ | ५०,०००। | ८२३ (७७९) |
| | | **जम्मा** | १०,५८,४३१।- | |